'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ | अंक : १६८ | बुधवार ३० माघ, २०८१ | 12 (Wednesday) February 2025 | पृष्ठ ४, | मूल्य रु : १०/-

### नौवस्ता खानेपानी उपभोक्ता समितिको साधारण सभा सम्पन्न

## वडाका सबै घरमा खानेपानी पुर्याउने प्रतिबद्धता

■ सरला सुवेदी

बाँके, माघ/२९



बैजनाथ गाउँपालिका वडा नम्बर ४ मा मङ्गलबार नौवस्ता खानेपानी तथा सरसफाई उपभोक्ता समितिको साधारण सभा समितिका अध्यक्ष राज कुमार ढकालको अध्यक्षतामा भएको छ । कार्यक्रममा कार्यवाहक वडा अध्यक्ष बालकुमारी परियार प्रमुख अतिथि रहनुभएको थियो । साधारण सभामा समितिका अध्यक्ष राज कुमार ढकालले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै हालसम्म ६६५ घरधुरीले खानेपानी सुविधा प्राप्त गरिसकेको जानकारी गराउनुभयो । उहाँले स्वच्छ खानेपानी वितरण, पाइप विस्तार, पानी शुद्धिकरण, र मर्मत कार्यहरू सफलतापूर्वक सम्पन्न भएको उल्लेख गर्दै आगामी वर्ष थप २२ किलोमिटर पाइप विस्तार गरी सबै घरमा खानेपानी पुर्याउने लक्ष्य रहेको बताउनुभयो । विशिष्ट अतिथि प्रेम सुवेदीले खानेपानी सेवाभित्र देखिएका समस्या समाधान गर्न उपभोक्ता, समिति, र स्थानीय सरकार सबै पक्षले मिलेर काम गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले समितिको योगदान सराहनीय रहेको भन्दै खानेपानी सेवामा आर्थिक पारदर्शिता अनिवार्य हुनुपर्ने धारणा राख्नुभयो । यस्तै, वडा नम्बर ४ का पूर्व अध्यक्ष काली बहादुर सिंहले समितिले स्थापना कालदेखि हालसम्म विभिन्न चुनौतीहरू सामना गर्दै करिब ७ सय घरधुरीमा खानेपानी पुर्याउन सफल भएको बताउनुभयो । उहाँले भविष्यमा खानेपानी सेवा अझ प्रभावकारी बनाउन समिति, उपभोक्ता, र सरकारबीच थप सहकार्य आवश्यक रहेको उल्लेख गर्नुभयो । उहाँले खानेपानी हरेक नागरिकको आधारभूत आवश्यकता भएकाले वडाका सबै घरमा यसलाई पुर्याउनेतर्फ गम्भीर पहल गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले स्थानीय सरकार, संघीय सरकार, तथा दातृ निकायहरूसँग सहकार्य गर्दै खानेपानी सेवाको पहुँच बढाउने आश्वासन दिनुभयो । समितिले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि निम्न योजनाहरू अघि सारेको छ ।

-नयाँ पानी प्रशोधन प्लान्ट जडान
-पाइप विस्तार गरी सबै घरमा खानेपानी पुर्याउने
-खानेपानी परीक्षण प्रयोगशाला स्थापनाको योजना
-सौर्य ऊर्जाबाट पानी आपूर्ति प्रणाली सुधार
-डिजिटल बिलिङ र अनलाइन भुक्तानी प्रणालीको पूर्ण कार्यान्वयन

कार्यक्रममा खानेपानी सेवा प्रवाहमा भएका केही कमजोरीहरूबारे गम्भीर छलफल भएको थियो । उपस्थित उपभोक्ताहरूले खानेपानीको शुल्क समयमा नतिर्ने व्यक्तिहरूको नाम सार्वजनिक गर्न माग गरेका छन् । उनीहरूले सर्वसाधारण उपभोक्ताले समयमा शुल्क बुझाइरहे पनि केही सम्पन्न व्यक्तिहरूले बक्यौता रकम नतिरेको भन्दै विरोध जनाए । साधारण सभामा स्थानीय उपभोक्ता, जनप्रतिनिधि, युवा, समाजसेवीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । कार्यक्रम सञ्चालन समितिका सचिव राजमोहन चौधरीले गर्नुभएको थियो । उपस्थित व्यक्तिहरूले नयाँ नेतृत्व चयन गर्ने मागसमेत उठाउदै गर्दा बिबाद उत्पन्न भएपछि अर्को सूचना प्रकाशन नहुन्जेल साधारणसभा स्थगित गरिएको समितिका अध्यक्ष ढकालले जानकारी दिनुभएको छ।

## नेपालगञ्जमा वडा स्तरीय टेनिस क्रिकेट प्रतियोगिता आयोजना हुने

■ सरला सुवेदी

नेपालगन्ज, माघ/२९




नेपालगञ्ज उपमहानगरपालिका -५ नं. वडाको आयोजनामा वडा स्तरीय टेनिस क्रिकेट प्रतियोगिता सञ्चालन हुने भएको छ । वडाध्यक्ष सराफत खानका अनुसार प्रतियोगिता फागुन १ गते बिहान ११ बजे उद्घाटन हुनेछ र फागुन १५ गतेसम्म निरन्तर सञ्चालन हुनेछ। क्रिकेट खेलको प्रवर्द्धन गर्दै स्थानीय खेलाडी उत्पादन गर्ने तथा युवालाई खेलप्रति आकर्षित गराउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको वडाध्यक्ष खानले जानकारी दिनुभयो । साथै, उहाँले क्रिकेटप्रेमी दर्शक, वडाबासी, पत्रकार, खेलाडीहरूलाई सुरक्षित रूपमा प्रतियोगिता हेर्न आग्रह गर्नुभएको छ । प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी तथा बिजेता टिमलाई नगद रु. १,००,००० (एक लाख),उपविजेता टिम - नगद रु. ५०,००० (पचास हजार), म्यान अफ द सिरिज - १ थान एलईडी टिभी, बेस्ट बलर - दराज एक थान, बेस्ट ब्याट्सम्यान - १ थान साइकल दिइने छ। वडाध्यक्ष खानका अनुसार खेल क्षेत्रको विकास गर्दै युवा प्रतिभालाई अगाडि बढाउने उद्देश्यले यो प्रतियोगिता आयोजना गरिएको हो । उहाँले नेपालगन्जमा अन्तर्राष्ट्रियस्तरको खेल मैदान आवश्यक रहेको उल्लेख गर्दै सरकार तथा स्थानीय तहलाई नेपालगन्जमा एउटा स्तरीय क्रिकेट स्टेडियम स्थापना गर्न आग्रह गर्नुभयो । प्रतियोगिताले स्थानीय खेलाडीहरूलाई आफ्नो प्रतिभा देखाउने मात्र होइन, खेलकुद क्षेत्रको विकासमा पनि महत्वपूर्ण योगदान दिने अपेक्षा गरिएको छ। यस प्रतियोगिताले स्थानीय स्तरबाट प्रतिभाशाली खेलाडी उत्पादन गर्न सहयोग पुर्याउने विश्वास गरिएको छ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७७४८९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७८०७५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

## लुम्बिनी प्रादेशिक अस्पताल निर्माणको प्रगतिबारे मुख्यमन्त्रीको चासो

■ नमस्ते समाचारदाता

बुटवल, माघ/२९



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले लुम्बिनी प्रादेशिक अस्पताल भवन निर्माणाधीन स्थलको अनुगमन गर्नुभएको छ । मंगलबार आयोजना स्थलमा पुग्नु भएका मुख्यमन्त्री आचार्यले कामको प्रगतिबारे जानकारी लिनुभयो । प्रदेश सरकारले गौरवको आयोजनाका रूपमा प्राथमिकताका साथ अघि बढाएको यस आयोजनाको निर्माण कार्य निर्धारित समयभित्र सम्पन्न गर्न सरकारले निगरानी बढाएको छ । 'विशेषगरी, यो प्रदेशको गौरवको आयोजना हो । प्रदेशले जुन लक्ष्य र उद्देश्य बोकेर यसलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेको छ, यसले समग्र प्रदेशको विकासमा महत्वपूर्ण योगदान पुर्‍याउनेछ' मुख्यमन्त्री आचार्यले भन्नुभयो, 'कुनै पनि अवस्थामा काममा समस्या नआओस् भन्नका लागि सरकारले विशेष ध्यान दिएको छ।' प्रदेश सरकारले चालु आर्थिक वर्षमा यो भवन निर्माणका लागि एक अर्ब ८० करोड बजेट विनियोजन गरेको छ । आयोजना स्थलको अनुगमनका क्रममा मुख्यमन्त्री आचार्यले काम सन्तोषजनक ढंगले अघि बढिरहेको बताउनुभयो । 'यही हिसाबले काम अघि बढ्यो भने तीन वर्षभित्र भवन सम्पन्न हुनेछ भन्ने आशा जागेको छ' मुख्यमन्त्री आचार्यले भन्नुभयो, 'यही आर्थिक वर्षमा २८ प्रतिशतसम्म काम सम्पन्न गर्ने रिपोर्टिङ प्राप्त भएको छ । हालसम्मको कामलाई मूल्यांकन गर्दा सन्तोषजनक देखिएको छ।' लुम्बिनी प्रादेशिक अस्पताल भवन निर्माणको कामले तीव्रता पाएको छ । प्रदेश पूर्वाधार विकास प्राधिकरणमार्फत ६ अर्ब १८ करोड ७५ लाख रुपैयाँको लागतमा भवन निर्माण कार्य थालिएको हो। *बाँकी ३ पेजमा...*


नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## जनताको जिउधनमै खेलवाड

मधेसका प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह नेतृत्व टोलीले जनकपुरका २० अस्पतालको अनुगमन गरेको थियो । तीमध्ये १९ अस्पताल अवैध रूपमा सञ्चालनमा रहेको खुलासा भएको छ। यो तथ्य आफैंमा दुःखद् र विस्मयकारी हो। त्यसअघि यहाँकै मुस्कान अस्पतालको घटनाले पनि ठूलो लापरबाही उजागर गरेको थियो। त्यो के भने पित्तथैलीको सामान्य शल्यक्रिया गरेको बिरामीको २० दिनसम्म पनि होस खुलेन। त्यो अर्को हदैसम्मको लापरबाहीको घटना थियो। बिरामीको होस नखुल्दा सरकारको चाहिं होस खुल्यो र अनुगमन थाल्यो। अनुगमनले होसै उडाउने तथ्य उजागर गऱ्यो। सार्वजनिक भएका तथ्यले स्वास्थ्य क्षेत्रको लापरबाही र सरकारको नियमन प्रणालीको कमजोरीलाई पनि उदांगो पारेको छ। मुख्यमन्त्री सिंहले अवैध अस्पतालहरू बन्द गर्न र त्यस्ता अस्पतालका बिरामीहरूलाई अन्यत्र सार्न आदेश त दिए, तर यो अल्पकालनीन समाधान हो। अवैध अस्पताल सञ्चालनमा आउनुको कारण पत्तो लगाउनुपर्छ। अवैध सञ्चालनमा आँखा चिम्लने जिम्मेवार निकायका पदाधिकारी र अवैध सञ्चालक तथा चिकित्सकहरूमाथि पनि कडाभन्दा कडा कारबाही गर्नुपर्छ। बिरामीको जिउधनमाथि यतिसम्मको लापरबाही हुँदा पनि राज्य कमजोर हुन्छ भने जनताले सुरक्षाको महसुस गर्न सक्दैनन्। जनताको स्वास्थ्य र जीवन जोखिममै रहन्छ। अवैध अस्पताल जनकपुरमा मात्रै होइन, देशैभरि हुन सक्छन्। मधेस सरकारको मात्रै होइन, संघीय सरकारकै होस खुल्नुपर्छ र उसले तीव्र अनुगमन गरी अवैध गोरखधन्दा बन्द गर्नुपर्छ। अवैध सञ्चालक सबैलाई कानुनी कारबाही गर्नुपर्छ। देशमा कानुनको शासन कायम गर्नुपर्छ। यो हदको लापरबाही कुनै पनि हदमा सम्झौतायोग्य छैन। अस्पतालै नक्कली हुन्छ भने त्यो देशमा कुन कुरामा भर गर्ने ? यसै पनि देश र राज्यप्रति नागरिकको भरोस् उड्दै गएको छ, त्यसमाथि स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमै लापरबाही भए नागरिक कुन आशाले बाँच्नु ? स्वास्थ्य सेवाको क्षेत्रमा कडा नियमनको अभाव जनकपुर प्रकरणले देखाउँछ। स्वास्थ्य नेपाली नागरिकको मौलिक हक हो। निःशुल्क आधारभूत स्वास्थ्य सेवा संविधान प्रदत्त अधिकार हो। तर दर्तै नभएका अवैध निजी अस्पतालमा नागरिकले ज्यान जोखिममा पार्नु परिरहेको विडम्बनामा पनि सरकार संवेदनशील भएन भने राज्यविहीनता महसुस हुन्छ।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट

डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) 30 सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# विद्यालय शिक्षाका जटिलता

केदारनाथ कोइराला



केदारनाथ कोइराला

> स्थानीय तहको अधीनमा बस्न मन्जुरी नभएका शिक्षकले राजीनामा दिएर मार्ग प्रशस्त गरिदिए नयाँ जोस र जाँगर भएका युवा जनशक्तिको विद्यालय शिक्षामा आगमन हुने थियो । जसले हाम्रो विद्यालय शिक्षामा गुणात्मक सुधार ल्याउने छ । प्रधानाध्यापक कार्ययोजनाका आधारमा छान्ने व्यवस्था गर्नु पर्छ । दलपिच्छेका नभई सबै शिक्षकको साझा एउटै युनियनको व्यवस्था गर्नु पर्छ ।

शिक्षा राष्ट्रको मेरुदण्ड हो । शिक्षाले मानिसलाई गरिखाने सिप सिकाउनुका साथै स्वावलम्बी बन्ने बाटो देखाउँछ । मानिसलाई सही र गलत छुट्याउन मात्र नभई भोगी, त्यागी, स्वार्थी र परमार्थी बनाउने काम पनि शिक्षाको नै हो । शिक्षा र वातावरणबाट सबैभन्दा धेरै मानव मस्तिष्क प्रभावित हुन्छ र चाँडो मानवीय दिमागले वातावरणलाई नै ग्रहण गर्छ । समाज र देश विकासका लागि पहिलो आवश्यकता नै शिक्षालाई मानिन्छ । हाम्रो देशमा विद्यालय र विश्वविद्यालय तहको दुवै शिक्षा धेरै कमजोर छ । शिक्षामा सुधारको आवाज उठे पनि त्यसलाई बेवास्ता गर्ने हाम्रो परम्परा नै बस्दै आयो । नागरिक साक्षर नभई वा नबनाई, साक्षर जिल्ला घोषणा गर्ने लहर चलाइयो । निरक्षर नागरिक खोज्न धेरै टाढा जानु पर्दैन । साक्षर घोषणा गरिएको सङ्घीय राजधानीभित्रकै भक्तपुरका पुराना बस्ती र ललितपुर जिल्लाको दक्षिणपूर्वी क्षेत्रका नागरिक नै निरक्षर छन् । हाम्रो शिक्षा प्रणालीले निरक्षर नागरिकलाई साक्षर बनाउने जिम्मेवारी नै वहन गरेन । शिक्षामा लगानी बढाउनुपर्नेमा उल्टो घटाउन थालियो । हाम्रा सामुदायिक विद्यालयमा तहगत र विषयगत शिक्षक अझै व्यवस्थापन गरिएको छैन । विद्यालयको भौतिक पूर्वाधार राम्रो छैन । विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्थापन भएकै छैन । सामुदायिक विद्यालयमा कतै विद्यार्थी छन्, शिक्षक छैनन् । कतै शिक्षक छन्, विद्यार्थी छैनन् । केही जिल्लामा प्राथमिक तहमा थोरै विद्यार्थीका लागि धेरै शिक्षक छन्, तिनलाई धेरै विद्यार्थी भएको जिल्लामा सरुवा गरेर पठाउन सक्ने अवस्था छैन । यो तथ्यबाट हाम्रो सामुदायिक विद्यालयको शिक्षाप्रति कोही पनि गम्भीर छैनन् भन्ने प्रस्ट हुन्छ । प्रादेशिक संरचनाका कारण जिल्लान्तरको त कुरै छाडौँ, एउटा गाउँपालिकाबाट अर्को गाउँपालिका वा नगरपालिकामा शिक्षक सरुवा गर्न दुवै स्थानको सहमति आवश्यक पर्छ । शिक्षक स्वयम्ले सरुवा भएर जान चाहे पनि सहमति पाउँदैन । सामुदायिक विद्यालयमा विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्थापन र विषयगत शिक्षकको आवश्यकताका विषयमा कसैको चासो र चिन्ता छैन । राजनीतिक दलका घोषणापत्रमा विद्यालय शिक्षा निःशुल्क गर्ने भनेको झन्डै २० वर्ष भयो तर व्यवहारमा अझै कार्यान्वयनमा आएको छैन । आजभोलि निःशुल्क शिक्षा भनेको नागरिकका छोराछोरी नपढाउने नीति हो भन्ने अर्थमा बुझ्न थालिएको छ । रातदिन बनीबुतो र ज्याला मजदुरी गर्ने विपन्न समुदायका सदस्यले पनि हाम्रा सामुदायिक विद्यालयको शिक्षाप्रति विश्वास गर्दैनन् । दुःख गरेर भए पनि निजी विद्यालयमा आफ्ना छोराछोरी पढाउँछन् । पठन संस्कृति हराउँदै जाँदा धेरै सामुदायिक विद्यालय विद्यार्थी अभावमा रित्ता खण्डहर भवन मात्र बन्न थालेका छन् । सामुदायिक विद्यालयको शिक्षामा देखिएको समस्या समाधान गर्न निम्नलिखित सुधारका काम गर्न ढिलो गर्नुहुन्न :

**विद्यालय शिक्षाको सङ्घीय ऐन छिटो ल्याऔँ**

संविधान संशोधन गर्दा लोक सेवा आयोग जस्तै स्वतन्त्र र निष्पक्ष शिक्षक सेवा आयोग गठनको प्रावधान राखिनु पर्छ । त्यो सम्भव भएन भने विद्यालय शिक्षाको सङ्घीय ऐनमा अहिलेकै स्वतन्त्र र निष्पक्ष शिक्षक सेवा आयोग गठनको प्रावधान राख्नु पर्छ । जसका सम्पर्क कार्यालय सातै प्रदेशमा खोलिनु पर्छ । देशका सामुदायिक विद्यालयमा शिक्षकको नियुक्ति र बढुवा शिक्षक सेवा आयोगमार्फत मात्र हुनु पर्छ । ऐनले सामुदायिक विद्यालयमा पढाउने शिक्षकलाई तहगत फरक भए पनि अहिले जस्तो धेरै प्रकारका नराखी एउटै प्रकारका शिक्षक बनाइनु पर्छ । विद्यालय शिक्षामा राज्यले कम्तीमा २० प्रतिशत लगानी गर्नु पर्छ । अहिले जस्तो १० प्रतिशतले पुग्दैन । विद्यालय शिक्षाको सङ्घीय ऐनमा शिक्षकको तलब भत्ता, क्षमता अभिवृद्धिदेखि भरणपोषणका सबै कामको उत्तरदायित्व सङ्घीय सरकारले उपलब्ध गराउनु पर्छ । ऐनमा जिल्ला शिक्षा कार्यालय ७७ वटै जिल्लामा व्यवस्था हुनु पर्छ । जिल्ला शिक्षा कार्यालयमा विद्यालय निरीक्षकको व्यवस्था राखिनु पर्छ । विद्यालयको रेखदेख, खटनपटन, सरुवा र दरबन्दी मिलान, विषयगत शिक्षकको व्यवस्थापन जस्ता विषय स्थानीय तहले जिल्ला शिक्षा कार्यालयसँग समन्वय गरेर मात्र गर्न पाउने प्रावधान समेटिनु पर्छ । सङ्घीय सरकारले दिएको बजेट र शिक्षकले अपुग भएमा स्थानीय तहले विद्यालय खोल्न र अस्थायी वा करारमा शिक्षक नियुक्ति गर्न पाइने व्यवस्था हुनु पर्छ । ती स्थानीय तहले नियुक्ति गरेका शिक्षक स्थायी हुनु परेमा भने शिक्षक सेवा आयोग उत्तीर्ण गर्नै पर्छ । शिक्षा ऐनमा सेना, प्रहरी र निजामती कर्मचारीले विद्यालय खोल्न पाउने अहिलेको प्रावधान खारेज हुनु पर्छ । विद्यालय सामुदायिक र निजी दुई प्रकारका मात्र हुने व्यवस्था गर्नु पर्छ । सङ्घीय शिक्षा ऐनमा नीतिगत व्यवस्था मात्र गर्ने सानातिना विषय स्थानीय तहलाई जिम्मेवारी दिनु पर्छ । सरकारले यसअघि नेपाल शिक्षक महासङ्घ, राहत शिक्षक, कक्षा ११ र १२ मा पढाउने शिक्षक र सामुदायिक विद्यालयका कर्मचारीसँग उनीहरूका समस्या समाधान गर्न भनेर गरेको सम्झौता इमानदारीपूर्वक कार्यान्वयन गर्नु पर्छ । नपुग्ने र नमिल्ने सम्झौता गर्नैहुन्न, सम्झौता गरिसकेपछि कार्यान्वयन गर्नु पर्छ ।

**संविधानको पालना गर्नु सबैको दायित्व**

नेपालको संविधान २०७२ को अनुसूची ८ मा २२ वटा एकल अधिकार स्थानीय तहलाई दिइएको छ । ती एकल अधिकारक्षेत्रभित्र हस्तक्षेप गरेर सङ्घीय सरकारले काम गर्दा र विद्यालय शिक्षाको सबै विषयलाई समेटेर सङ्घीय ऐन बनाउने काम गर्दा संविधानविपरीत हुने भएकाले पार लाग्ने अवस्था बन्दैन । अनुसूची ८ को बुँदा नम्बर ८ मा माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापकीय अधिकार स्थानीय तहलाई दिइएको छ । संविधान जारी भएको नौ पुगेर १० वर्ष लाग्दा पनि हामीले सङ्घीयतालाई पूर्णता दिन सकेनौँ, यो हाम्रो ठुलो कमजोरी हो । सङ्घीय पाठ्यक्रम विभागले बनाएको विद्यालय तहको पाठ्यक्रममा स्थानीय तहले पनि स्थानीय विषयलाई विद्यालय तहको कक्षा ८ सम्मको पाठ्यक्रममा समेट्न पाउने अधिकार छ । संविधानको मर्म अनुसार शिक्षकको नियुक्ति, देशभरि शिक्षक सेवा आयोगले गर्ने तलब भत्ताको रकम एकमुस्ट सङ्घीय सरकारले स्थानीय तहमा उपलब्ध गराउने हो । सरकारले दिएको दरबन्दीले विद्यालयमा पुगेन भने स्थानीय तहले आफ्नो आम्दानीको स्रोत भए छुट्टै शिक्षक राख्न पनि पाउँछ । त्यस्ता शिक्षकले स्थायी हुन भने शिक्षक सेवा आयोग नै पास गर्नु पर्छ । स्थानीय तहको आफ्नो अधिकार क्षेत्रभित्र शिक्षकलाई विद्यार्थीको अनुपात र विषयगतका आधारमा असल मनसायले जिल्ला शिक्षा एकाइसँग समन्वय गरेर स्थानीय तहले सरुवा र दरबन्दी मिलाउने व्यवस्था छ । राजनीतिक आग्रह र पूर्वाग्रह राखेर शिक्षकलाई दुःख दिने मनसायले सरुवा गर्ने अधिकारको दुरुपयोग भने स्थानीय तहले गर्नुहुन्न । हालै सर्वोच्च अदालतले विद्यालय शिक्षाको सङ्घीय ऐनसँग बाझिने गरी स्थानीय तहले शिक्षा ऐन बनाएमा स्वतः बदर हुने फैसला गरेको छ । यो फैसला काठमाडौँ महानगरपालिकाले वडाध्यक्षलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तोक्यो र त्यस निर्णयको अदालतले बदर गर्दा आएको हो । महानगरले वडाध्यक्षलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बनाएर महानगरले केही शिक्षकलाई सेवाबाट बर्खास्तसमेत गर्‍यो । त्यसको सुनुवाइमा अदालतले वडाध्यक्ष विद्यालय व्यवस्थापन समितिको अध्यक्ष स्वतः बन्न नमिल्ने भन्यो भने सेवाबाट हटाइएका शिक्षकलाई पुनर्बहालीको आदेश दियो । यो फैसलाबाट के प्रस्ट भएको छ भने शिक्षकको स्थायी नियुक्ति देशभरि शिक्षक सेवा आयोगले गर्ने, रेखदेख र खटनपटनका साथै दरबन्दी मिलान जिल्ला शिक्षा एकाइ र स्थानीय तहको समन्वयमा गर्न सक्ने प्रस्ट भएको छ । तलब भत्ता सङ्घीय सरकारले भरणपोषण गरे पनि संविधानको मर्म अनुसार माध्यमिक तहसम्मका सम्पूर्ण शिक्षक स्थानीय तहमातहतमै रहेको मानिन्छ । यसमा शिक्षकले जुँगाको लडाइँ गरेर प्रदेशमातहतमा राख्नुपर्ने माग गरेका छन्, जुन विषय संविधान विपरीत छ । प्रदेशको २० वटा एकल अधिकारको बुँदा नम्बर ८ मा प्रदेश विश्वविद्यालय, उच्च शिक्षा पुस्तकालय र सङ्ग्रहालय मात्र पर्छन् । विद्यालय शिक्षाको व्यवस्थापनको अधिकारक्षेत्र प्रदेश सरकारलाई नभई, स्थानीय सरकारलाई भएको बुझेर हामीले संविधानको मर्म अनुसार काम गर्नु पर्छ र संविधानलाई अक्षरशः पालना पनि गर्नु पर्छ । स्थानीय तहको अधीनमा बस्न मन्जुरी नभएका शिक्षकले राजीनामा दिएर मार्ग प्रशस्त गरिदिए नयाँ जोस र जाँगर भएका युवा जनशक्तिको विद्यालय शिक्षामा आगमन हुने थियो । जसले हाम्रो विद्यालय शिक्षामा गुणात्मक सुधार ल्याउने छ । प्रधानाध्यापक कार्ययोजनाका आधारमा छान्ने व्यवस्था गर्नु पर्छ । दलपिच्छेका नभई सबै शिक्षकको साझा एउटै युनियनको व्यवस्था गर्नु पर्छ । ऐनमा निजी विद्यालयको दर्ता अनुगमन र शुल्क तोक्ने जिम्मा स्थानीय तहमा हुनु पर्छ । ऐनमा दुई प्रकारका विद्यालय मात्र राख्नु पर्छ । विद्यालय शिक्षालाई व्यवस्थित गर्न भनेर तयार गरिएको शिक्षा विधेयकको दफा ३ मा सार्वजनिक अर्थात् सरकारी र दफा ४ मा निजी लगानीमा सञ्चालित विद्यालय स्थापना र सञ्चालनको व्यवस्था गरिएको छ । यसै विधेयकको दफा ६ मा अपाङ्गता भएका बालबालिकाका लागि विशेष वा स्रोत कक्षा सहितका विद्यालय, मौसमी श्रम गर्ने अभिभावकका बालबालिकाका लागि घुम्ती विद्यालय, खुला तथा प्रौढ विद्यालय, सुरक्षा निकायका कल्याणकारी कोषबाट नमुना विशिष्टीकृत विद्यालय वा अन्य विशेष प्रकारका विद्यालय स्थापना र सञ्चालन गर्न सकिने व्यवस्था गरिएको छ । यसै गरी दफा ९ मा शैक्षिक गुठीको प्रावधान छ । शैक्षिक गुठीमा निजी शैक्षिक गुठी र सार्वजनिक शैक्षिक गुठी राखिएको छ । निजी विद्यालयका सञ्चालकले मुनाफा नलिने भनेर निजी शैक्षिक गुठीमा रूपान्तरण हुन सक्ने प्रावधान छ । सार्वजनिक शैक्षिक गुठीमा बुढानीलकण्ठ जस्ता विद्यालय पर्दछन् । यो विधेयकले नेपालमा विद्यालय शिक्षाभित्र आठ प्रकारका विद्यालय स्थापना र सञ्चालन गर्न पाउने व्यवस्था गरेको देखिन्छ ।

*-गोरखापत्र*

# सबै वडामा मुख्यमन्त्री रोजगार कार्यक्रम

नमस्ते समचारदाता

सुर्खेत, माघ/२९



कर्णालीका सबै वडामा ‘मुख्यमन्त्री रोजगार कार्यक्रम’ लागु भएको छ। यसअघि १५ वटा वडामा कार्यक्रम कार्यान्वयन हुन सकेको थिएन। चालु आर्थिक वर्षदेखि प्रदेशका सबै वडामा कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ। प्रदेश सरकारले आर्थिक वर्ष २०७६/७७ देखि मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गरेको थियो। त्यसयता प्रदेशका ७१८ वटा वडामध्ये ७०३ वटा वडामा मात्र मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन भएको थियो। कार्यक्रमबाट १५ वटा वडा वञ्चित भइरहेका थिए। चालु आवबाट सबै वडामा कार्यक्रम कार्यान्वयन गरिएको प्रदेश सरकारले जनाएको छ। चालु आवको नीति तथा कार्यक्रम र बजेटमा समेटेर कार्यक्रमलाई निरन्तरता दिइएको छ। प्रदेश सरकारले सञ्चालन गरेको सबैभन्दा बढी प्रभावकारी कार्यक्रमका रूपमा उक्त कार्यक्रमलाई लिइएको छ। प्रत्येक वर्षको सरकारको बजेट र कार्यक्रममा समेत प्राथमिकतामा पर्दै आएको छ। यस वर्षदेखि प्रदेशका सबै वडा मुख्यमन्त्री रोजगार कार्यक्रममा जोडिएको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ। मुख्यमन्त्री रोजगार कार्यक्रममार्फत बेरोजगार व्यक्तिलाई रोजगारीको अवसर उपलब्ध गराउन कर्णाली प्रदेशका सवै वडामा कार्यक्रम कार्यान्वयन गरिएको हो। यो कार्यक्रम स्थानीय तहबाट कार्यान्वयन हुन्छ। यस वर्ष सरकारले मुख्यमन्त्री रोजगार कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउने योजना बनाएको छ। यस वर्ष एक हजार छ सय व्यक्तिलाई रोजगारीमा जोड्ने लक्ष्य सरकारले राखेको छ। त्यसका लागि एक अर्ब १६ करोड बजेट विनियोजन गरिएको छ। अहिले प्रदेशका सबै वडामा कार्यक्रम कार्यान्वयन भइरहेको मुख्यमन्त्री कार्यालयका योजना, अनुगमन तथा आर्थिक पूर्वाधार शाखाका नवीन ढकालले बताउनुभयो। उहाँका अनुसार पहिलेभन्दा व्यवस्थित रूपमा कार्यक्रम कार्यान्वयन गर्न लागिएको छ। सरकारले तीन जिल्लाका वडामा २० लाखका दरले बजेट पठाउने गरेको छ। हुम्ला, डोल्पा र मुगु जिल्लाका वडामा योजना कार्यान्वयनका लागि २० लाख बजेट पठाइएको ढकालले बताउनुभयो। अन्य जिल्लाका प्रत्येक वडामा १५ लाखका दरले बजेट पठाउने गरिएको छ। प्रदेश सरकारले ग्रामीण पूर्वाधार विकासलाई जोड दिएको छ। बेरोजगारीलाई रोजगारी दिने र पूर्वाधार निर्माण गर्ने गरी मुख्यमन्त्री रोजगार कार्यक्रम ल्याइएको हो। कर्णाली प्रदेशका ७९ वटा स्थानीय तहका कुल ७१८ वटा वडामध्ये ६३७ वटा वडा ग्रामीण क्षेत्र रहेका छन्। राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेको ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गीकरणसम्बन्धी तथ्याङ्कले यस्तो अवस्था देखाएको हो। कर्णालीका ७५ वटा सहरी र छ वटा वडा सहरोन्मुख भए पनि ६३७ वटा वडा भने ग्रामीण क्षेत्रमा रहेको देखिएको छ। सरकारले सबै स्थानमा पूर्वाधार युक्त बनाउने नीति अवलम्बन गरेको छ। गाउँ तथा ठाउँ विशेष योजना निर्माण गरेर कार्यक्रम कार्यान्वयन भइरहेका छन्।

# सिमकोट बजार अनुगमनः पेय पदार्थ र जंक फुड बरामद

नमस्ते समचारदाता

हुम्ला, माघ/२९




सिमकोट बजारका ब्यापारीको पसलबाट उपभोगका लागि समय सीमा समाप्त भएका सामान बरामद गरेर नष्ट गरिएको छ। जल्ला अनुगमन समितिले अनुगमन गरेका पसलमा भेटिएका उक्त सामान बरामद गर्दै नष्ट गरिएको हो। समितिले अनुगमनका क्रममा १५ हजार ९ सय २० रुपैयाँ मूल्य बराबरको सडेको बंगुरको मासु, उपभोग समय सीमा नाघेको पेय पदार्थ र जंकफुड बरामद गरी नष्ट गरेको उद्योग उपभोक्ता हित संरक्षण कार्यालयका प्रमुख श्रीबहादुर बिष्टले जानकारी दिए। सदरमुकाम सिमकोटका एघार वटा पसलहरुमा अनुगमन गर्दा कुनै पनि पसलबाट उपभोक्तालाई सामान बिक्रीको बिल नै दिने गरिएको पाइएन। जिल्लाभरका स्थानीय ब्यापारीहरुले पसलबाट सामाग्री बिक्री गरिसकेपछि उपभोक्तालाई अनिवार्य बिल दिने ब्यवस्था गर्नुपर्ने भएको छ। ब्यापारीले सामान बिक्री गरिसकेपछि बिल नै नदिने भएको कारण् सोमबार बजार अनुगमनका क्रममा सो निर्देशन दिइएको हो। जिल्ला अनुगमन समितिको अनुगमन गरेका पसल सबैमा ब्यापारीले सामान बिक्री गरि सकेपछि बिल नै नदिएको पाइएपछि अब ब्यापारीले उपभोक्तालाई सामान बिक्रीको अनिवार्य बिल दिने व्यवस्था गर्नका लागि निर्देशन दिने कार्य गरिएको थियो। अबको बजार अनुगमनमा हालको जस्तै अवस्था देखिए नियमानुसार कानुनी कारवाही गरिनेछ। यसमा उपभोक्ताको पनि लापरवाही देखिएका थियो। अनुगमनमा जिल्ला प्रशासन, जिल्ला प्रहरी, सिमकोट गाउँपालिका, पत्रकार महासंघलगायतको उपस्थिति थियो।

## लुम्बिनी...

अस्पताल भवनको शिलान्यास गत भदौ १५ गते गरिएको थियो। प्रदेश पूर्वाधार विकास प्राधिकरणले भारतीय निर्माण कम्पनी क्याप साइट आशिष रेलिग्रेट भेन्चर र नेपाली कम्पनी आशिष रेलिगसन सँग २०८० पुस २६ गते भवन निर्माणका लागि ठेक्का सम्झौता गरेको थियो। शिलान्यास भएको पाँच महिनाको अवधिमा १३ प्रतिशत काम पूरा भएको प्रदेश पूर्वाधार विकास प्राधिकरणका साइट इञ्चार्ज इञ्जिनियर शंकर सुवेदीले जानकारी दिनुभएको छ। सम्झौता अनुसार १२ तले बन्ने यो भवन २०८५ पुस मसान्तसम्म सम्पन्न हुनुपर्नेछ। हाल दैनिक २१० जना कामदारहरू काममा खटिएका छन्। अहिले सबभन्दा तल्लो बेसमेन्टको काम भइरहेको छ। यसका लागि रड बुन्ने, बिच्छ्याउने, पिलर उठाउने र भुइँ ढलान गर्ने कार्य भइरहेको हो। नयाँ भवनको सबभन्दा माथि हेलिप्याड हुनेछ। हेलिप्याडबाट सिधै इमर्जेन्सी वार्डमा आउजाउ गर्न मिल्ने लिफ्ट पनि निर्माण हुनेछ। बेसमेन्टको कामसँगै लिफ्टका लागि पिलर उठाउने कार्य पनि भइरहेको छ। नयाँ भवन बनेपछि ओपिडी, इमर्जेन्सी सेवा यहीँबाट प्रदान गरिनेछ। ग्यास्ट्रो, न्युरो, कार्डियोलोजी लगायत सबै विशेषज्ञ सेवा एउटै भवनबाट सञ्चालन गरिनेछ। हाल उपचारका लागि प्रयोग गरिएका तीनवटा भवनका सेवा नयाँ भवनमा सारिने। पुराना भवनहरू डायग्नोस्टिक एन्ड रिसर्च, प्रसूति तथा महिला र बाल रोग उपचार का लागि प्रयोग गरिनेछ। त्यस्तै, अहिले निर्माण भइरहेको भवनको दक्षिणतर्फ क्यान्सर उपचारका लागि छुट्टै भवन निर्माण हुनेछ, जसको पनि जग खन्ने कार्य भइरहेको छ। उक्त भवन पाँचतले हुनेछ र एक सिंगल बेसमेन्ट रहनेछ।

# भवन अभावमा त्रिपालमुनि पढाई


नमस्ते समचारदाता

जाजरकोट, माघ/२९



भूकम्प गएको १५ महिना सम्म पनि विद्यालय भवन नबन्दा यहाँको एक विद्यालयले अझै पनि बालबालिकालाई त्रिपालमुनि पढाइरहेको छ। छेडागाड नगरपालिका -७, टीकाचौरस्थित भानुभक्त आधारभूत विद्यालयका भवन अहिलेसम्म पनि नबन्दा दयनीय अवस्थामा पठनपाठन सञ्चालन गरिँदै आएको छ। गत वर्षको कात्तिक १७ गते जाजरकोटको बारेकोट केन्द्रविन्दु भई गएको भूकम्पले सो विद्यालयको दुईतले पक्की र कच्ची गरी दुई वटा विद्यालय भवन भत्किएपछि बालबालिका त्रिपालमुनि पढिरहेका हुन्। भूकम्प गएको लामो समय विद्यालयको भवन निर्माणका लागि सरकारले बेवास्ता गर्दा बालबालिकालाई पठनपाठनमा समस्या भएको हो। विसं २०३४ मा एक रोपनी जग्गामा कच्ची भवन निर्माण गरी प्राथमिक तह सञ्चालन गरिएको थियो। कक्षा १ देखि ८ सम्म पठनपाठन हुने सो विद्यालयमा अहिले पनि त्रिपालमुनि पठनपाठन भइरहेको छ। विद्यालयका प्रधानाध्यापक गणेश बहादुर नेपाली बादीले भूकम्पले भवन भत्किएपछि त्रिपालमुनि विद्यालय सञ्चालन गर्नु परेको बताउनुभयो। उहाँले लामो समयसम्म सरोकारवाला निकायले ध्यान नदिँदा त्रिपालको ओतमा पठनपाठन भइरहेको जनाउनुभयो। विद्यालय भत्किएपछि सोही स्थानमा त्रिपाल टाँगेर विद्यालय सञ्चालन गर्न समस्या भएपछि विद्यालयका सहयोगी पदमबहादुर बुढामगरले गाउँमै तीन रोपनी जग्गा चन्दा दिएपछि सोही स्थानमा त्रिपाल टाँगेर विद्यालय सञ्चालन भइरहेको छ। भूकम्प गएको डेढ वर्ष बित्न लाग्दा पनि भवन निर्माणमा सरोकारवाला निकायको बेवास्ताका कारण लेकाली भेगमा चिसो मौसममा आगो तापेर, ओढ्ने ओढेर बालबालिका नियमित विद्यालय आउने गरेका छन्। कक्षा १ देखि ८ सम्म ११७ जना बालबालिका अध्ययनरत छन्। दुई जना स्थायी, एक जना नगर अनुदान, एक जना निमावि राहत र दुई जना निजी स्रोत गरी छ जना शिक्षकले पढाइरहेका प्रधानाध्यापक बादीले जानकारी दिनुभयो। भूकम्पपछि नगरपालिकाले दिएको त्रिपाल र दातृनिकायले दिएका टेन्ट घामपानीले च्यातिएपछि बस्न नमिल्ने भएका छन्। प्रअ बादीका अनुसार सरकारले विद्यालय भवन निर्माणका लागि वितरण गर्दै आएको अनुदान रकम आवश्यकताका आधारमा वितरण नगर्दा दुर्गम गाउँबस्तीका बालबालिका अध्ययन गर्ने भवन निर्माण हुन सकेका छैनन्। जाजरकोट सदमुकाम खलङ्गाबाट एक दिनको पैदल दुरीमा रहेको टीकाचौरमा गरिब, दलित तथा जनजातिको बाहुल्य रहेको छ। विद्यालय भवन नभए पछि हावाहुरी चल्दा र पानी पर्दा पढाइको त कुरा छोडौँ, ओत लाग्ने ठाउँसमेत नहुँदा शिक्षक, विद्यार्थी घरतिर दौडिनु पर्ने बादीले बताउनुभयो। उहाँले स्थानीय पालिकालाई विद्यालयको अनुगमन गरी सहयोग गर्न आग्रह गरेको जानकारी दिनुभयो।



# नाम्खा गाउँपालिका र स्तुपा सामुदायिक अस्पतालबिच सम्झौता

नमस्ते समचारदाता
हुम्ला, माघ/२९



हिमाली जिल्लाको नाम्खा गाउँपालिका र राजधानीको स्तुपा सामुदायिक अस्पतालबिच उपचारमा विशेष छुट लिने सम्झौता भएको छ । नाम्खा गाउँपालिकाका बिरामीहरुलाई उपचारमा विशेष छुट दिने व्यवस्थाका लागि गाउँपालिका र अस्पतालबिच सम्झौता भएको हो । गाउँपालिका अध्यक्ष प्रेमबहादुर लामाले गाउँपालिकाभित्रका स्थानीय बिरामी भए उपचारमा छुट दिने व्यवस्थाबारे काठमाडौंको चुच्चेपाटी स्थित स्तुपा सामुदायिक अस्पतालसँग सम्झौता भएको जानकारी दिनुभयो । सो सम्झौता पत्रमा गाउँपालिकाको तर्फबाट अध्यक्ष लामा र अस्पतालको तर्फबाट निर्देशक पेम्बा लामाले हस्ताक्षर गर्नुभएको छ । सम्झौता लागू भएसँगै अब नाम्खा गाउँपालिकावासीले सो अस्पतालमा उपचारका लागि जाँदा विशेष छुट पाउनेछन् । सम्झौता पत्रमा उल्लेख भए बमोजिम ओपिडीमा उपचार गर्ने बिरामीले २५ प्रतिशत सम्म छुट पाउनेछन् । यसैगरी बिरामीको इन्भेष्टिगेशन गर्दा पनि २५ प्रतिशत नै छुट पाउने व्यवस्था गरिएको छ । यता सर्जरीलगायत अन्य उपचारमा १५ प्रतिशत छुट र बेड शुल्मा २५ प्रतिशत छुट पाउने व्यवस्था छ । गाउँपालिका र अस्पताल बिच एक एक वर्षका लागि उक्त सम्झौता गरिएको हो ।

# एउटै वडामा तीन वटा प्रहरी चौकी

नमस्ते समचारदाता
हुम्ला, माघ/२९



उत्तरी नाम्खा गाउँपालिका- ५ मा तीन वटा प्रहरी चौकी स्थापना भएर सञ्चालनमा रहेका छन् । चीनसँगको सीमा नाकासमेत रहेको वडा भएको कारण पन तीन वटा प्रहरी चौकी स्थापना भएका हुन । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक शङ्कर पोखरेलले नाम्खा गाउँपालिका- ५ मा तीन वटा प्रहरी चौकी स्थापना भएर सञ्चालनमा रहेको बताउनुभयो । पहिलो साबिकको गाविस हुँदा मुचु गाउँ विकास समितिको मुचुमा मात्र पञ्चायती व्यवस्थामा स्थापना भएको प्रहरी ठाना भए पनि बहुदलीय व्यवस्थापछि प्रहरी चौकीमा परिवर्तन गरिएको थियो । उत्तरतर्फको सम्पूर्ण नामा सो प्रहरी चौकीबाट हेर्ने गरिएको थियो । सङ्घीयतापछि सीमा सुरक्षा चौकी हिल्सा स्थापना गरिएको बताउँदै उहाँले त्यसपछि एउटा वडामा दुई वटा प्रहरी चौकी रहेको बताउनुभयो । पछि सीमा सुरक्षा चौकी हिल्सालाई सहयोग गर्ने उद्देश्यले सोही वडाका यारीमा प्रहरी चौकी स्थापना गरिएको हो । हाल मुचुमा रहेको प्रहरी चौकीमा प्रहरी नायब निरीक्षकको नेतृत्वमा चौकी सञ्चालन हुँदै आएको छ भने हिल्सामा रहेको सीमा सुरक्षा प्रहरी चौकी प्रहरी सहायक निरीक्षकको नेतृत्वमा रहेको छ । यता भरखरै स्थापना भएको यारी प्रहरी चौकी भने प्रहरी हवलदारको नेतृत्वमा सञ्चालन भएको छ । नेपालका हिमाली जिल्लाहरूमा एउटै वडामा तीन वटा प्रहरी चौकी रहेको जिल्लामा हुम्ला पनि पर्ने उहाँले बताउनुभयो । एउटा प्रहरीबाट अर्को प्रहरी चौकीमा पुग्न गाडीमा एक एक घण्टा समय लाग्ने गर्छ । हाल तीन वटै प्रहरी चौकीमा दरबन्दी अनुसार जनशक्ति भने रहेको छैन । एक वर्ष अगाडिसम्म हिल्सामा रहेको सीमा सुरक्षा प्रहरी चौकी हिउँदमा चार महिनाका लागि हिल्साबाट मुचुमा सार्ने गरिन्थ्यो । सशस्त्र प्रहरीको सीमा सुरक्षा प्रहरी हिल्सामा स्थापना भएर बाह्र महिना बस्न थालेपछि प्रहरी चौकी हिल्सामा पनि नेपाल प्रहरीको जनशक्ति बस्न थालेको हो । एक आपसमा समन्वय गरेर प्रहरी चौकीले काम गर्ने गरेको कारण सिमानामा सुरक्षा दिन सहज भएको बताउनुभयो ।

# स्थानीय तहका कर्मचारीले अल्टीमेटम दिँदै बुझाए ज्ञापनपत्र

नमस्ते समचारदाता
सुर्खेत, माघ/२९



कर्णाली सरकारले जारी गरेको स्थानीय सेवा गठन तथा सञ्चालन ऐनले अन्याय परेको भन्दै आन्दोलित स्थानीय तहका कर्मचारीहरुले अन्तिम अल्टिमेटम दिएका छन् । ट्रेड युनियनका तीन संघ संगठनले हस्ताक्षर गरेको अल्टिमेटम सहितको ज्ञापन पत्र कर्णाली प्रदेश सरकारका प्रमुख सचिवलाई मंगलबार बुझाएको हो । जनताको घरदैलोमा रहेर प्रत्यक्ष रुपमा जनतालाई सेवा प्रवाह गर्ने संयन्त्रको रुपमा स्थानीय सेवामा कार्यरत कर्मचारीहरु ऐनमा व्यवस्था भएका विभेदकारी प्रावधानले प्रत्यक्ष रुपमा वृत्ति विकासबाट वञ्चित भएको भन्दै स्थानीय तहका कर्मचारीहरुले वीरेन्द्रनगर केन्द्रीत आन्दोलन जारी राखेका थिए । सोमबार ट्रेड युनियनसँग छलफल गरेको स्थानीय सेवा कर्मचारी सेवा सञ्जाल कर्णालीले ट्रेड युनियनको उपस्थितिमा अन्तिम अल्टिमेटसहितको ज्ञापन पत्र बुझाएको हो । आगामी फागुन २ गतेसम्म माग सम्बोन्धन नभए थप संघर्षका कार्यक्रम घोषणा गर्नेगरी ज्ञापन पत्र बझाएको सञ्जालले जानकारी दिएको छ । यो अन्तिम अल्टिमेट हो, ट्रेड युनियनको साथ रहेकाले माग सम्बोन्धन हुनेमा विश्वस्त रहेको कर्मचारी सुवास विसीले जानकारी दिनुभयो । उहाँले प्रमुख सचिवलाई नै ज्ञापनपत्र बुझाएकाले माग सम्बोन्धन हुनेमा विश्वस्त रहेको बताउनुभयो । ट्रेड युनियनले स्थानीय सेवा गठन तथा सञ्चालन ऐनमा देखिएका त्रुटी संशोधन गर्नुपर्ने भन्दै पुस २६ गते नै पेश गरिसकेको छ । मुख्यगरी ऐनमा त्रुटी देखिएका दफा र उपदफाहरु संशोधनको लागि हालसम्म पनि देखिने र बुझिने गरी नतिजामुलक परिणाम प्राप्त नभएकोले स्थानीय सेवामा कार्यरत कर्मचारीहरुलाई थप सशंकित भएका छन् । स्थानीय सेवामा कार्यरत कर्मचारीहरूमा भएको विभेदको अवस्थामा सम्पूर्ण ट्रेड युनियनलाई चिन्तित र गम्भीर आपत्ती जनाउँदै आएका छन् । संशोधन प्रक्रियामा सन्तुष्ट हुनेगरी नतिजा प्राप्त नभएमा थप दबाबमुलक संघर्षका कार्यक्रमहरु घोषणा गर्न बाध्य हुने र त्यसबाट सिर्जित हुने सम्पूर्ण घटनाको जिम्मेवारी कर्णाली प्रदेश सरकारले लिने चेतावनी प्रमुख सचिवलाई बुझाएको ज्ञापन पत्रमा उल्लेख छ । कर्णाली प्रदेश सरकारले २८ असोजमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ जारी गरेको हो । ऐन पूर्ण रुपमा विभेदकारी रहेकाले त्यसमा भएका दफा-उपदफाहरू तत्काल संशोधन नगर्दा वृत्ति विकासबाट वञ्चित हुनु पर्ने अवस्था आएको उनीहरुले बताउने गरेका छन् ।

# भुइँ ऐँसेलुको व्यावसायिक खेती



नमस्ते समचारदाता
बाँके, माघ/२९

बाँके जिल्लामा पहिलो पटक भुइँ ऐँसेलु (स्ट्रबेरी) व्यावसायिक खेती सुरु भएको छ । बैजनाथ गाउँपालिका-१, च्यामागाउँका ४३ वर्षीय सर्पराज बस्नेतले त्यस्तो खेती सुरु गर्न भएको छ । बस्नेतले दुई कट्ठा जग्गामा 'क्यामारोसा' जातको स्ट्रबेरी खेती सुरु गर्नुभएको हो । भारतको पुणेबाट गत कात्तिकमा नौ हजार बिरुवा आयात गरेर रोप्नुभएका बस्नेतले ती बिरुवाले हाल आएर फल दिन सुरु गरेको जनाउँदै पहिलो सिजनमा नै राम्रो आम्दानी हुने सम्भावना देखेको बताउनुभयो । बिरुवा रोपेको छ महिनाभित्र स्ट्रबेरीले फल दिन थाल्छ । उहाँले खेती सुरु गर्नुअघि कृषि विज्ञ डाक्टर शसन देवकोटा र दाङका कृषि व्यवसायी वीरेन्द्र खड्कासँग सल्लाह लिएको बताउनुभयो । बाँकेको उष्ण वातावरणमा यो खेती सफल हुनेबारे प्रारम्भिक शङ्का भए पनि मेहनत र उचित परामर्शले सफलता मिल्नेमा आफू विश्वस्त रहेको उहाँले जनाउनुभयो । स्ट्रबेरी खेतीमा नियमित स्याहार, माटोको गुणस्तर र सिँचाइ व्यवस्थापन जस्ता कुरामा विशेष ध्यान दिनुपर्ने सुझाव विज्ञबाट पाएको बस्नेतको भनाइ छ । उहाँले एक बोटबाट औसत आधा किलोदेखि पौने एक किलोसम्म उत्पादन लिन सकिने सम्भावना रहेको जानकारी पाएको बताउनुभयो । स्ट्रबेरी खेती बाँकेमा पहिलो पटक गरिए पनि बस्नेतले पहिलो सिजनमा नै चार लाख रुपैयाँ बचत गर्ने लक्ष्य राख्नुभएको छ । यसका साथै खेती सफल भएमा बिरुवा उत्पादन गरेर बिक्री गर्ने योजना पनि उहाँले बनाउनुभएको छ । कृषि ज्ञान केन्द्र बाँकेका अनुसार यो खेती बाँके जिल्लाका लागि एकदमै नयाँ प्रयोग हो । माटोको उपयुक्तता र जलवायुको असरको गहिरो अध्ययन गरेर अघि बढेको हुँदा यो खेती सफल हुने सम्भावना धेरै देखिएको कृषि ज्ञान केन्द्र बाँकेले जनाएको छ । स्ट्रबेरी खेतीमा ध्यान दिनुपर्ने चुनौती भए पनि राम्रो बजार मूल्य, उपभोक्ताको माग र उत्पादनबाट हुने आम्दानीले यसलाई आकर्षक बनाएको बस्नेतको भनाइ छ ।

# चितुवाको छालासहित एक पक्राउ

नमस्ते समचारदाता
कैलाली, माघ/२९



कैलाली प्रहरीले चितुवाको छालासहित एक व्यक्तिलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा डोटीको बोगटान गाउँपालिका-३ मेल्टाका २६ वर्षीय नरेश साउँद रहेका छन् । साउँदलाई धनगढी उपमहानगरपालिका-४ बसपार्कस्थित देवसिंह बोहराको मिलनसार गेस्टहास बाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ । विशेष सूचनाको आधारमा खटेको प्रहरी टोलीले रितपूर्वक खानतलासी गर्दा साउँदले लुकाएर राखेको अवस्थाबाट आठ फिट दुई इन्च लम्बाई र दुई फिट दुई इन्च चौडाइ भएको एक थान चितुवाको छाला बरामद भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक कविन्द्रसिंह बोहराले जानकारी दिनुभयो । चितुवाको छाला सहित पक्राउ परेका साउँदलाई थप अनुसन्धानको लागि डिभिजन वन कार्यालय धनगढीमा बुझाइएको छ ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
नाम्खा गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अफसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके